**मिति २०७६ चैत्र २२ गते बसेको ५६ औँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. प्रोत्साहन भत्ता सम्बन्धमा ।
२. बिमा सम्बन्धमा ।
३. राहत खरिद तथा वितरण सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** विश्वभरी फैलिएको कोरोना भाइरस कोभिड-१९ रोगको रोकथाम तथा नियन्त्रणका लागि यस गोदावरी नगरपालिका कार्यालयमा कार्यरत स्वास्थ्यकर्मी र अर्न्तगत रहेको मालाखेती अस्पताल, स्वास्थ्य चौकी (गेटा स्वास्थ्य चौकी, बेलादेवीपुर स्वास्थ्य चौकी, बडँहा स्वास्थ्य चौकी, गोदावरी स्वास्थ्य चौकी), शहरी स्वास्थ्य क्लिनिकमा कार्यरत स्वास्थ्यकर्मीहरु, मालाखेती अस्पतालमा खटाईएका कार्यालय सहयोगीहरु, एम्बुलेन्स चालकहरु, दमकल चालक र दमकल कर्मचारीलाई सुरुको तलब स्केल बराबरको ५० प्रतिशत रकम प्रोत्साहन भत्ता कोरोना रोग नियन्त्रण नभए सम्मका लागि उपलब्ध गराउने निर्णय गरियो । साथै कोरोना भाईरस कोभिड १९ न्यूनिकरणमा खटिएका टास्क फोर्सका पदाधिकारी र कर्मचारीलाई लकडाउन अवधि भर मासिक रु. १५,०००/-(पन्ध्र हजार) प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२ :** मिति २०७६/१२/२१ गतेको नगर स्तरिय समन्वय समितिको निर्णयानुसार अनुसार विश्वभरी फैलिएको कोरोना भाइरस कोभिड-१९ रोगको रोकथाम तथा नियन्त्रणका लागि यस गोदावरी नगरपालिकाबाट गठन भएको टास्क फोर्स, स्वास्थ्य सेवाका कर्मचारीहरु, नगर प्रहरी, कार्यालय सहयोगी, एम्बुलेन्स चालक, दमकलमा खटिएका कर्मचारीहरुको मृत्यु भएमा निजको आश्रीत परिवारलाई रकम रु. १५,००,०००/-(पन्ध्र लाख) आर्थिक सहायता गर्ने गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** विश्वभरी फैलिएको कोरोना भाइरस कोभिड-१९ रोगको संक्रमण रोकथाम गर्न, जनशक्ति परिचालन गर्न र अन्य व्यवस्थापकिय खर्च गर्न विशेष परिस्थिति उत्पन्न भएकोले सार्वजनिक खरिद ऐन नियमको प्रक्रिया पूरा गर्न कठिनाई हुने हुदा सोझै खरिद गर्ने निर्णय गरियो । साथै २०७६/१२/१२ गते देखि गरिएको खरिदलाई विशेष परिस्थिति अनुरुप खरिद भएको समर्थन गर्ने निर्णय गरियो ।